# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नवाकोट

बाग्मती प्रदेश,नेपाल ।

प.सं :२०७७/०७८(कृषि)

च.नं : ०१६

मिति : २०७७/०५/२२

श्री वडा कार्यालय(सबै)
बेलकोटगढी नगरपालिका
नुवाकोट।

विषय : सूचना पठाईएको सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व २०७७/७८ को बार्षिक स्विकृत कृषि/पशु सेवा कार्यक्रम अनुसार कार्यक्रम संचालनको लागि तपसिल बमोजिमका सूचनाहरु यसैसाथ संलग्न राखी पठाईएको हुदाँ सूचना अध्ययन गरी त्यस वडा भित्रका ईच्छुक कृषि फर्म/कृषि समूह/कृषि सहकारीहरुलाई जानकारी गराई आबश्यक सहयोग र समन्वय गरी दिनु हुन अनुरोध छ।

२०७७/०५/२२

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल
१. साना सिंचाई सम्बन्धि -१
२. कृषि चून अनुदान वितरण सम्बन्धि -१
३. उच्च प्रजनन् मान वोका अनुदान वितरण सम्बन्धि -१
४. टनेल प्लास्टिक अनुदानमा वितरण सम्बन्धि -१

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

बाग्मती प्रदेश,नेपाल ।

प.सं :२०७७/०७८(कृषि)

च.नं :

मिति : २०७७/०५/२२

**टनेल प्लास्टिक माग सम्बन्धि सूचना**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व २०७७/७८ को बार्षिक स्विकृत कृषि कार्यक्रम अनुसार ५०% अनुदानमा (६×१२मि.) प्लास्टिक वितरण गर्ने कार्यक्रम भएकोले यस नगरपालिका भित्रका ईच्छुक कृषि फर्म/कृषि समूह/कृषि सहकारीहरुले तपसिल बमोजिमका कागजात सहित मिति २०७७/०६/२० गते भित्र आफुलाई आबश्यक पर्ने मांग (प्रस्ताव) यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल

| सि.नं. | कृषि फर्म/समूह /सहकारीको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नामथर /सम्पर्क नं. | माग संख्या | कै. |
|---|---|---|---|---|---|
| | | | | | |

**आबश्यक पर्ने कागजातहरु:-**

१. सम्बन्धित वडा कार्यालयको सिफारिस ।
२. कृषि फर्म/समूह/सहकारीको दर्ता,नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि/प्यान नं. आ.व ०७६/७७ वा ०७५/७६ को अडिट रिपोर्ट/कर चुक्ताको प्रतिलिपिहरु आदि ।
३. कृषि फर्म/समूह/सहकारीले यो कामको लागि अख्तियारी तोकेको व्यक्तिको निर्णयको प्रतिलिपि ।
४. सस्थाको लेटर प्याडमा रु.१० को हुलाक टिकट टाँस गरी निवेदन दर्ता गराउन पर्ने छ ।
५. कृषक समुह/ कृषि सहकारी सस्थाको कार्यक्रम माग सम्बन्धि निर्णयको प्रतिलिपि ।

नोटः- म्याद नाघी आएका र कुनै शर्त राखी आएका निवेदन दर्ता गरिने छैन ।

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

बाग्मती प्रदेश,नेपाल ।

प.सं :२०७७/०७८(कृषि)

मिति : २०७७/०५/२२

च.नं :

सूचना

### विषय : साना सिचाई माग पत्र पेश गर्ने बारे सूचना

प्रस्तुत विषयमा बेलकोटगढी नगरपालिका (आ व ०७७/०७८)को स्वीकृत कृषि बिकास कार्यक्रम अनुसार साना सिंचाई (समान्यीकरण) कार्यक्रमका लागि साना सिंचाई कुलो निर्माण मर्मत सम्भार सम्बन्धि योजना आवश्यक भएका कृषक समूह,कृषि सहकारी तथा जल उपभोक्ता समितीहरु बाट रु.१०/०० को टिकट टाँसी निम्न शर्त पुरा गरी साना सिंचाई योजना माग पत्र निम्न मिति, समय र स्थानमा प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि आदेशानुसार यो सूचना प्रकाशित गरिएको छ ।

| तपसिल | | संख्या | बजेट (रु हजारमा) |
|---|---|---|---|
| क्र.स. | विवरण | ४ | ५८० |
| १ | साना सिंचाई निर्माण तथा मर्मत सम्भार | ४ | ५८० |
| | जम्मा | | |

क) शर्तहरु

१. वर्षभरी पानीको अटुट श्रोत भएको हुनु पर्नेछ ।
२. कुल लागतको कम्तिमा १५प्रतिशत रकम नगद वा श्रमदान वा जिन्सी वा तिनै थरी लागत जनसहभागिताको रुपमा कृषक समुह,कृषि सहकारी,जलउपभोक्ता समितिबाट व्यहोर्नु पर्नेछ ।
३. योजना सामुहिक हुनु पर्नेछ ।
४. यस कार्यालयले तयार पारेको अनुसूची १ अनुसारको ढांचामा माग पत्र पेश गर्नु पर्नेछ ।(मांग पत्र न पा को आर्थिक विकास शाखा कृषि तथा न पा को पायक पर्ने वडाहरुबाट समेत प्राप्त गर्न सकिने छ ।
५.अन्य कुराहरु नेपाल सरकार कृषि विकास मन्त्रालयको स्वीकृत साना सिंचाई विशेष कार्यकम कार्यन्वयन निर्देशिका अनुसार हुनेछ ।
६. प्रस्तावित योजनमा अन्य कुनै निकाय बाट साझेदारी गर्न चाहेमा उक्त निकायको नाम र कस्तो किसिमको साझेदारी हो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
७. प्रस्तावित आयोजना चालु आ.व.भित्र सम्पन्न हुने र बढी प्रतिफल दिने खालको हुनु पर्ने छ।

ख ) माग पत्र साथ संलग्न हुनुपर्ने कागजातहरु

१.राजस्व रकम रु.१०० फिर्ता नहुने गरी यस कार्यालयमा दाखिला गरेको रसिद
२. यसै साथ संलग्न उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्य भरि समूह सहकारी ले प्रमाणित गरि पेश गर्नु पर्नेछ।
३. पानीको श्रोत (मुहान) विवाद रहित व्यहोरा उल्लेख भएको सम्बन्धित वडा कार्यालयको सिफारिश पत्र पेश गर्नु पर्नेछ।
४. कृषक समुह दर्ता तथा नवीकरण (म्याद भएको ) प्रमाण पत्रको प्रतिलिपि |
५. सहकारी सस्था हरुको लागि डिभिजन सहकारी कार्यालय तथा स्थानीय निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि|
६. कृषि समुह/सहकारी/जल उपभोक्ता समितिले कम्तिमा १५ % जिन्सी/श्रमदान/नगद व्यहोर्ने प्रतिबधता जाहेर गरेको समुह तथा सहकारी को निर्णय प्रतिलिपि |
७. स्थाई लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपि |
८. सहकारी सस्थाको हकमा लेखा परिक्षण २०७६/७७ वा ०७५/७६ को audit report र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
९. कृषक समुह/ कृषि सहकारी सस्थाको कार्यक्रम माग सम्बन्धि निर्णयको प्रतिलिपि |

माग पत्र दाखिला गर्ने स्थान,समय र मिति

स्थान : बेलकोटगढी नगरपालिकाको कार्यालय ( कृषि शाखा ), बाघखोर, नुवाकोट|
अवधि : मिति: २०७७/०५/२२ देखि २०७७/०६/२० गते कार्यालय समय सम्म |
नोट: १ रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटको लागि समाबेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।
२ कुनै शर्त राखेर निवेदन दर्ता गरिने छैन।

२०७७/०५/२२

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाघखोर, नुवाकोट

प.सं :२०७७/०७८(कृषि) बाग्मती प्रदेश, नेपाल ।

च.नं : मिति : २०७७/०५/२१

अनुसूची १

**साना सिचाई योजनाको प्रस्ताव माग पत्र**

१. योजनाको संक्षिप्त विवरण :-

क) योजनाको नाम :-

ख) मुहानको नाम :-

ग) जिल्ला/नगरपालिका/टोल :-

घ) अनुमानित लागत रु:-

१. उपभोक्ताले व्यहोर्ने :- ................................

२. नगरपालिकाले व्यहोर्ने :- ..................................

३. जम्मा :- ..................................

ङ) सिंचाईको प्रकृति:- नयाँ/मर्मत

च) कामको प्रकृति :- परिमाण

माटोको कुलो -

पक्कि कुलो -

पाइप -

वाल -

२. योजनाको सर्वेक्षण सम्बन्धि विवरण :-

क) अनुमानित सिंचाई कुलोको दुरी मिटरमा

ख) अनुमानित सिंचाई हुने क्षेत्रफल हेक्टर/रोपनी

ग) सिंचाई बाट लाभान्वीत ...................... घर धुरी संख्या .................. जनसंख्या

घ) हाल सिंचाई हुने क्षेत्रफल (रोपनी) .............................

| हाल उत्पादन भइरहेको बालीहरु | सिंचाई पछी उत्पादन हुनसक्ने बालीहरु |
|---|---|
| ............................ | ..................................... |
| ............................ | ..................................... |
| ............................ | ..................................... |
| ............................ | ..................................... |

३. मुहानको हालको स्थिति:-

क) पानी बगिरहेको / अरुले उपयोग गरिरहेको

ख) सिंचाई कुलोले वस्तीलाई प्रभावित पार्ने/नपार्ने

ग) बाँध वा इन्टेक निर्माण गर्नु पर्ने/ नपर्ने

घ) मुहान विवाद भएको/नभएको

ङ) पानीको किसिम : सालभरि पानि हुने / वर्षायाममा मात्र हुने

४. आवश्यक अन्य विवरण :-

कृषि समुह सहकारी/जलउपभोक्ता समितिको तर्फबाट

दस्तखत

नाम,थर

मिति

छाप

सम्पर्क न.

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बाघखोर, नुवाकोट

बाग्मती प्रदेश, नेपाल ।

प.सं :२०७७/०७८(कृषि)

मिति : २०७७/०५/२२

च.नं :

**कृषि चून अनुदानमा वितरण सम्बन्धि सूचना**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व २०७७/७८ को बार्षिक स्विकृत कृषि कार्यक्रम(समान्यीकरण) अनुसार ५०% अनुदानमा कृषि समूह/कृषि सहकारीहरुलाई कृषि चून (मे.टन ४०) उपलब्ध गराउने कार्यक्रम भएको हुँदा ईच्छुक कृषक समुह/कृषि सहकारीहरुले तपसिल बमोजिमको फर्मेटमा(लेटर प्याडमा) मिति २०७७/०६/२० गते भित्र आफुलाई आबश्यक पर्ने मांग (प्रस्ताव) यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

| सि.नं. | कृषि समूह/कृषि सहकारीको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम थर र सम्पर्क नं. | आबश्यक पर्ने कृषि चून परिमाण के.जी./मे.टन | कृषि चून प्रयोग गर्ने स्थान/क्षेत्र |
|---|---|---|---|---|---|
| | | | | | |

**आबश्यक पर्ने कागजातहरु:-**

१) कृषि चून मांग गरेको कृषि समूह/सहकारीको निर्णयको प्रतिलिपि ।
२) यस कामको लागि तोकेको समुह/सहकारीले अख्तियारी दिएको व्यक्तिको नाम थर र सम्पर्क नं.
३) कृषि चून मांग गर्ने कृषि समूह/सहकारीको दर्ता प्रमाण पत्र,स्थाई लेखा नं.(PAN) को प्रतिलिपिहरु ।
४) सहकारी सस्थाको हकमा आ.व ०७६/०७७ वा ०७५/७६ को लेखा परिक्षण तथा करचुक्ता प्रमाण पत्रको प्रतिलिपिहरु
५) सम्बन्धित वडा कार्यालयको शिफारिस पत्र ।

नोट:- म्याद नाघी आएका र कुनै शर्त राखी आएका निवेदन दर्ता गरिने छैन ।

# बेलकोटगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बाघखोर, नुवाकोट

प.सं :२०७७/०७८(पशु सेवा) बाग्मती प्रदेश,नेपाल।

च.नं : मिति : २०७७/०५/२२

**उन्नत प्रजनन् मान(बोयर जातको) बोका अनुदानमा वितरण सम्बन्धि सूचना**

यस नगरपालिकाको (आ.व.२०७७/७८) को बार्षिक स्वीकृत (पशु विकास) कार्यक्रम अन्तर्गत उन्नत प्रजनन् मान(बोयर जातको) बोका अनुदानमा वितरण गर्ने कार्यक्रम भएकोले यस नगरपालिका भित्रका ईच्छुक पशु/कृषि फर्म/कृषि समूह/कृषि सहकारीहरुले तपसिल बमोजिमका कागजात सहित मिति २०७७/०६/२० गते भित्र यस नगरपालिकाको कार्यालय (आर्थिक विकास शाखा कृषि) बाघखोरमा निबेदन दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| सि.नं. | कार्यक्रम विवरण | लक्ष (संख्या) | कूल बजेट (रु हजारमा) | कै. |
|---|---|---|---|---|
| १ | उन्नत प्रजनन् मान (बोयर जातको) बोका अनुदानमा वितरण | १६ | ८००. | |
| | जम्मा | १६ | ८००. | |

संलग्न हुनु पर्ने कागजपत्रहरु

क) टोल वरीपरी प्रजनन् बोका नभएको हो भनि सम्बन्धित् वडा कार्यालयबाट शिफारिस भएको हुनु पर्ने छ।

ख) २ बर्ष भित्र यस कार्यालय वा अन्य निकायबाट यसै प्रयोजनको लागि अनुदान नलिएको प्रमाणित कागजात/कबुलियतनामा हुनु पर्ने छ।

ग) पशु फर्म,समुह सहकारीको प्यान (PAN) तथा नविकरणको प्रतिलिपिहरु।

घ) पशु फर्म/समूह/सहकारीले निर्णय गरी बोका माग गरेको निर्णयको प्रतिलिपिहरु।

ङ) कृषि फर्म/समूह/सहकारीको व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि साथै आ.व.०७६/०७७ वा ०७५/७६ को audit report र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

च) बोका पालनको लागि छनौट भएको सदस्यको नागरिकताको प्रतिलिपि।

२०७७/५/२२

..........................

लेखनाथ पोखरेल

प्रमुख प्रशासकीय अधिकृत

नोटः- म्याद नाघी आएका र कुनै शर्त राखी आएका निवेदन दर्ता गरिने छैन।